# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा

१ नं. प्रदेश, नेपाल

Damak Municipality

प.सं.

च.नं. २६१४

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

## दमक नगर युवा स्वरोजगार कोषको
## थोक कर्जा लिन चाहने सहकारी संस्थाहरुलाई जरुरी सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०७७।०८।१९)

कोषबाट थोककर्जा लिई कोषको उदेश्य अनुसार वेरोजगार व्यक्तिहरुलाई व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन देहाय बमोजिम मापदण्ड पूरा गरेका इच्छुक सहकारी संस्थाहरुले तोकिएका कागजात संलग्न राखी ७ दिनभित्र अर्थात् २०७७ मंसिर २५ गते भित्र कर्जा प्रस्ताव फाराम पूर्ण रुपमा भरी कोषको सचिवालय दमक नगरपालिकामा कर्जा माग प्रस्ताव पेश गर्न सूचित गरिएको छ । सूचनाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट प्रस्ताव पेश गर्न सकिने छ ।

**१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरुले पूरा गर्नुपर्ने शर्तहरु :**

**(क)** प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको ,

**(ख)** खण्ड (क) बमोजिम संस्था दर्ता भई कम्तिमा ५ वर्ष अगाडिदेखि आफ्ना सदस्यहरुबाट बचत सङ्कलन र ऋण लगानी सम्बन्धी कारोवार गरिरहेको,

**(ग)** संस्थाको विनियम/विधानको उद्देश्य तथा कार्यक्रममा बचत संकलन गर्ने, आयमूलक व्यवसाय सञ्चालन गर्ने, ऋण प्रदान गर्ने तथा अन्य निकायबाट ऋण प्राप्तगर्न सक्ने प्रावधान रहेको ,

**(घ)** संस्थाले आफ्ना सदस्यहरुलाई प्रवाह गरेको ऋण मध्ये उठाउन बाँकी ऋणको सम्बन्धमा सम्बन्धित संस्थाले नीति निर्धारण गरेको

**(ङ)** आफ्ना शेयर सदस्यहरुबाट नियमित बचत संकलन गरेको,

**(च)** आर्थिक कारोवार नेपाल सरकारको प्रचलित कानून अनुसार सहकारी विभागले तोके अनुरुप दोहोरो लेखा प्रणाली अनुसार राखेको तथा पछिल्लो आर्थिक वर्षको समय सीमा भित्र लेखापरीक्षण र साधारण सभा सम्पन्न भएको,

**(छ)** संस्थामा ऋण प्रस्ताव पेश गर्दा अस्वीकृत भएको भए त्यस्तो अघिल्लो कर्जा प्रस्ताव अस्वीकृत भएको मितिले एक वर्ष नाघिसकेको,

**(ज)** सहकारी संस्थाको संकलित शेयर पुंजी (चुक्तापूंजी) रकम संस्थाको विनियममा उल्लेख भएको कुल शेयर पूँजीको कम्तिमा पचास प्रतिशत भएको ,

**(झ)** भाखा नाघेको ऋण किस्ता रकम बराबर वा सो भन्दा बढी हुने गरी ऋण जोखिम कोषमा रकमको व्यवस्था भएको,

**(ञ)** पछिल्लो आर्थिक वर्षमा संस्था खुद नाफामा सञ्चालन भएको तथा सञ्चित नोक्सानी नरहेको ,

यज्ञराज निरौला
शाखा अधिकृत

"हरित नगर, समृद्ध दमक"

दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा

१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. २६१४

(ट) शेयर पूँजी न्यूनतम एक करोड रुपैया भएको ,
(ठ) आफु सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैक बाहेक समानान्तर अर्को प्रारम्भिक सँस्थामा बचत निक्षेप जम्मा नगरेको ,
(ड) एकै परिवारबाट एकभन्दा बढी व्यक्ति एउटै संस्थाको सञ्चालक समिति तथा लेखा समिति वा कर्मचारी कुनै पदमा नरहेको,
(ढ) नगरपालिकाबाट प्राप्त रकम बराबरको रकम साझेदारी कोषमा राख्न प्रतिवद्धता पेश गरेको,
(ण) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेको व्यक्ति सञ्चालक समिति वा लेखा समितिको कुनै पदमा नरहेको,
(त) विषयगत वा जिल्ला सहकारी संघको सदस्यता लिएको,
(थ) कार्यक्षेत्र सम्बन्धित प्रदेश बाहिर नभएको ,
(द) संस्थाको सदस्य संख्या प्रत्येक वर्ष न्यूनतम १५ प्रतिशत वृद्धि हुदै गएको,
(ध) राज्यलाई तिर्नु, बुझाउनु पर्ने दायित्व समयमै बुझाएको ,
(प) संस्थाले प्रदान गरेको कर्जामा कम्तीमा ९५ प्रतिशत रकम भाका ननाघेको ।
(ब) पर्ल्स सूचकांङ्क राम्रो भएको ।

**२. उर्पयुक्त अनुसार कर्जा प्रस्ताव फाराम पूर्ण नभरिएका, शर्तहरु पूरा नगरेका, कागजात नपुगेका संस्थाहरुको कर्जा प्रताव स्वत: रद्ध भएको मानिने छ ।**

**३. कर्जा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार दमक नगरपालिकामा निहित रहने छ ।**

**४. कर्जा प्रस्ताव फाराम कोषको सचिवालयबाट वा दमक नगरपालिकाको वेभसाइट <u>www.damakmun.gov.np</u> बाट प्राप्त गर्न सकिनेछ । सहकारी संस्थाका अध्यक्ष वा व्यवस्थापक वा संचालकहरुले इमेल मार्फत पनि कर्जा माग फाराम मगाउन सक्नेछन् ।**

२०७६।८।१५

यज्ञराज निरौला
शाखा अधिकृत